मिति:२०८०/११/२७

श्री पञ्जिकाधिकारी ज्यू
श्रम तथा रोजगार कार्यालय टेकु
काठमाण्डौ ।

**विषय: सम्झौता कार्यान्वयन गराईदिने सम्बन्धमा ।**

उपरोक्त विषयको सम्बन्धमा, आशा लघुवित्त वित्तीय संस्था लि. ले साबिक राष्ट्र उत्थान लघुवित्त वितिय संस्था लि. लाई प्राप्ती पश्चात आशा लघुवित्त वित्तीय संस्था लि. को नाममा मिति: २०८०/०३/३१ देखि एकिकृत कारोबार भएको लामो समय हुदा समेत कर्मचारी सेवा सुविधा समायोजन नभएको, शाखा कार्यालयहरु अनुगमनको क्रममा राष्ट्र उत्थानका कर्मचारिहरु प्रती व्यवस्थापक पक्षले विभेदजनक व्यवहार गरेको भनी १९७ जना कर्मचारिहरुले सामुहिक रुपमा मिति २०८०/०८/०१ गते मकवानपुरको हेटौडामा ११ बुदे माग राखी देश भरका ७५ वटा शाखा कार्यालयका कारोबार ठप्प पारी माग पुरा नभएसम्म काममा नर्फकने भनी पत्रकार सम्मेलन गरी alloverstaff.rulbsl@gmal.com मार्फद संस्था तथा नेपाल राष्ट्र बैक लाई राजिनामा पेश गरेकोमा लामो समय संस्थाले बारम्बार लिखित तथा मौखिक रुपामा कर्मचारिहरुलाई धरपकट गर्ने तर्फ लाग्दा आन्दोलन थप लम्बिदै जाने क्रममा मिति: २०८०/०८/१३ गते काठमाण्डौं महांराजगञ्ज स्थित ईन्देणी फुडल्यान्डमा व्यवस्थापक पक्षबाट बदी प्रसाद अधिकारीको संयोजकत्वमा ४ जना र आन्दोलनरत कर्मचारिहरुको तर्फबाट दिपेश बुढायोकीको संयोजकत्वमा ३ जान वार्ता टोली विच पहिलो चरणको वार्ता साझ ६:०० बजे देखी ८:३० बजे सम्म वस्दा सहमती हुननसकी विना निकर्ष टुङ्गीयो पुन सहमती जुटाउने प्रयासका लागी मिति: २०८०/०८/१४ गते बस्ने भनिएको दोस्रो चरणको वार्ता विभिन्न कारणले बस्न नसकी पुन मिति: २०८०/०८/१६ गते सोही स्थानमा बिहान ८:०० बजे देखी रातको ९:४५ बजे सम्म वस्दा समेत सहमती नहुदा लामो समय ठुलो शंख्यामा भएको शाखा बन्दले गर्दा सदस्यहरुमा पर्नजाने असर तथा संस्थाको उदेश्य प्राप्ती लाई गम्भिर भई सहमतिमा जानुको बिकल्प नठानी मिति: २०८०/१०/१७ गते सांझ ४:०० बजे ३ महिना भित्र कार्यान्वयन गर्ने आन्दोलनको क्रममा काटिएको कारवाही स्वरुपको पत्रहरु त्यसै दिन खारेज गरी १६ बुदे सहमती मा संस्थाको निमित्त प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालको उपस्थितिमा भएको सहमतिको बुदा नं ४ लाई उल्लङ्घन गर्दै मिति २०८०/०९/२४ गते पहिलो तथा मिति २०८०/१०/२८ गते दोस्रो सरुवा गरिनुमा सम्झौताको ठाडो उल्लङ्घन गरी अन्तिम सम्झौता मिति:२०८०/११/१६ मा समेत सहमती कार्यान्वयन नगरी आजको मिति आईपुग्दा सम्म कर्मचारिहरुको मर्मलाई ब्यवास्ता गरी संस्थाको प्रमुख कार्यकारी अधिकृतको दादागिरी शैलिको विरोध स्वरुप पुन आन्दोलित हुनुपर्ने अवस्थाको सृजना नहोस भनी मागका विषय तथा सहमति पत्र यसै साथ सम्लग्न गरिएको छ । यसको छानविनगरी यथासिघ्र कार्यान्वयन ल्याउने ब्यवस्था मिलाईदिनुहुन विनम्र अनुरोध गर्दछौं ।

दिपेश बुढायोकी
वार्ता टोली संयोजक
आशा लघुवित्त वित्तिय संस्था लि.